नगर कार्यपालिकाको
बैठक संख्या २१/२०७९-०८४
मिति २०८०।०१।१७... को
निर्णय प्रमाणित

बैठक संख्याः २१/२०७९-०८४

मिति २०८० साल बैशाख १७ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

- नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

आर्थिक वर्ष २०८०/०८१ का लागि यस नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८०/०१/१० को निर्णय एवं सो बमोजिम गरिएको पत्राचार अनुमोदन गर्ने । साथै समितिको सिफारिस बमोजिम योजना तर्जुमा गर्दा देहाय बमोजिम गर्नेः

- २०८० जेठ १५ गतेभित्र सबै प्रक्रिया पुरा गरी वडा समितिहरुले आर्थिक बर्ष २०७९/०८० मा वडालाई प्राप्त सिलिङ्लाई आधार मानी सो मा ५५% बजेट थप गरी सो बराबरका योजना तथा कार्यक्रमहरु प्राथमिकीकरण गरी कार्यपालिकामा पेश गर्ने ।
- विषयगत शाखा तथा उपशाखाले समेत चालु आर्थिक वर्षको प्रगति विवरण सहित आगामी आर्थिक वर्षको लागि योजना तथा कार्यक्रमहरु प्राथमिकीकरण गरी २०८० जेठ १५ गतेभित्र पेश गर्ने।
- यस नगरपालिकालाई संघ तथा प्रदेशबाट प्राप्त हुनुपर्ने बजेट सिलिङ् मध्ये केही शीर्षकमा हालसम्म पनि प्राप्त नभएकोले सो सिलिङ पूर्णरुपमा प्राप्त भए पछि वडा र शाखागत बजेट सिमा संशोधन गर्न सकिने ।
- वडा तथा शाखाहरुले योजना तथा कार्यक्रम तर्जुमा गर्दा संघ तथा प्रदेशबाट दोहोरोपना नहुने खालका गौरवका महत्वपूर्ण योजनाहरु एवं क्रमागत किसिमका योजना तथा कार्यक्रमहरुलाई पहिलो प्राथमिकता दिने।

निर्णय नं. ३

क. यस नगरपालिकाको वडा नं. १५ मा स्थापित नगर स्वास्थ्य प्रबर्धन केन्द्र एवं वडा नं. ११ मा सञ्चालित नगर अस्पताललाई व्यवस्थित तरिकाले सञ्चालन गर्न एवं प्रदान गरिने सेवाहरुको शुल्क तथा दररेट निर्धारण गर्नुपर्ने भएकोले भेरी अस्पताल, नेपालगञ्जको दररेट सरह कायम गरी सेवा प्रवाह गर्ने ।

ख. नगर स्वास्थ्य प्रबर्धन केन्द्र र नगर अस्पताल सञ्चालन कार्यलाई व्यवस्थित गर्न सामाजिक विकास समितिले सञ्चालन कार्यबिधीको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

बैठक संख्या २१/२०७९-०८०
मिति २०८०/०१/१६ को
निर्णय प्रमाणित

ग. यस नगरपालिका अन्तर्गत रहेको नगर अस्पतालमा हाल मेडिकल सुपरिटेण्डेन्ट पद रिक्त रहेकाले आठौं तहमा कार्यरत मेडिकल अधिकृत डा. रबि शर्मा वाग्लेलाई नगरपालिकालाई थप आर्थिक भार नपर्ने गरी निमित्त मे.सु. को जिम्मेवारी दिने । साथै नगर स्वास्थ्य प्रवर्धन केन्द्र प्रमुखको जिम्मेवारी मेडिकल अधिकृत डा. गोबिन्द प्रसाद थारुलाई दिने ।

निर्णय नं. ४

क. कोहलपुर नगरपालिका भित्र रहेको लामो दुरीको नयाँ बसपार्कको ठेक्का व्यवस्थापन सम्बन्धमा यस नगरपालिकाको ठेक्का मूल्याङ्कन समितिको निर्णय बमोजिम गरिएको ठेक्का व्यवस्थापनलाई अनुमोदन गर्ने । बाँकी ठेक्का लाग्न नसकेका सटर लगायत संरचनाहरुको ठेक्का व्यवस्थापन सम्बन्धमा कोहलपुर बसपार्क व्यवस्थापन कार्यबिधी, २०७९ बमोजिम हुने गरी गर्ने।

ख. कोहलपुर नगरपालिकामा वडा नं. ११ स्थित गोलपार्कमा निर्माण सम्पन्न हुन लागेको भ्यु टावर सञ्चालनका लागि सरोकारवाला निकायसँग छलफल गरी सुझाव सहितको प्रतिवेदन १५ दिनभित्र कार्यपालिकामा पेश गर्ने गरी तपसिल बमोजिमको तीन सदस्यीय समिति गठन गर्ने । आवश्यकता अनुसार उक्त समितिमा बिज्ञ, पदाधिकारी र कर्मचारीलाई आमन्त्रण गर्न सकिने र समितिको बैठक वापत नगरपालिकाको नियम अनुसार खर्च उपलब्ध गराउने ।

तपसिलः

श्री कल्पना शर्मा, वडा अध्यक्ष वडा नं. ११ - संयोजक
श्री अनिता बुढा क्षेत्री, आर्थिक विकास समिति संयोजक - सदस्य
श्री ईश्वरी प्रसाद विश्वकर्मा, सामाजिक विकास समिति संयोजक - सदस्य
श्री बालकृष्ण महतरा, इन्जिनियर सातौं, पूर्वाधार वि.शा. प्रमुख - सदस्य
श्री लक्ष्मी योगी, अधिकृत छैठौं, राजस्व उपशाखा प्रमुख - सदस्य सचिव

निर्णय नं. ५

यस नगरपालिकाभित्र सञ्चालन भईरहेका विभिन्न योजनाहरुको ठेक्काको म्याद यस अघि नै समाप्त भई जरिवाना लिई योजना सम्पन्न गर्न कार्य सुचारु गरिएकोमा देहाय बमोजिमका निर्माण व्यवसायीहरुले लिएको योजनाहरुमा अपेक्षित प्रगति नदेखिएकोले निजहरुलाई यथाशिघ्र कार्य सम्पन्न गर्न निर्देशन दिने । यसरी दिईएको समयमा २०८० असार १५ गतेसम्म पनि कार्य सम्पन्न नभएमा सो फर्महरुलाई बैंक ग्यारेन्टी जफत गरी कालो सूचीमा राख्ने ।

| क.सं. | योजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | विभिन्न वडाको सडक कालोपत्रे तथा पक्की नाली निर्माण | BANKE/KOMUN/W/NCB-01/2078/79 | दिवा/एति बिल्डर्स ललितपुर | |
| २ | कोहलपुर रिङरोड निर्माण | BANKE/KOMUN/W/NCB-07/2078/79 | शोभा लक्ष्मी कन्सट्रक्सन, कोहलपुर, बाँके | |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २१।२०७९-०८०
मिति २०८०।०१।१६ को
निर्णय प्रमाणित

| क्र.सं. | योजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|---|
| ३ | त्रि.मा.बि. भवन निर्माण | BANKE/KOMUN/W/NCB-13/2077/078 | प्रविभ निर्माण सेवा कोहलपुर १२ | |
| ४ | गोलपार्कमा भिउटावर निर्माण | BANKE/KOMUN/W/NCB-20/2076/77 | एसोसिएट/जय भवानी कन्स्ट्रक्सन कोहलपुर, बाँके | |
| ५ | सरस्वती मा.बि. भवन निर्माण कोहलपुर ८, बाँके | BANKE/KOMUN/W/NCB-3/2078/79 | के.आर. कन्स्ट्रक्सन कोहलपुर १०, बाँके | |
| ६ | विभिन्न वडाको सडक मर्मत कार्य | BANKE/KOMUN/W/NCB-4/2078/77 | के.आर. कन्स्ट्रक्सन कोहलपुर १०, बाँके | |

निर्णय नं. ६

यस नगरपालिकाको नवौं स्थापना दिवस (२०८० बैशाख २५ गते) कार्यक्रमको तयारी एवं व्यवस्थापनका लागि गठित विभिन्न उपसमितिहरुको आ-आफ्नो जिम्मेवारी अनुसारको कार्य प्रगति मूल समारोह समितिको बैठकमा पेश गर्ने । साथै बजेट अभावको कारणले सो कार्यक्रम न्युनतम खर्चमा गर्ने/ गराउने गरी सक्षिप्त रुपमा गर्ने ।

निर्णय नं. ७

भूमी सम्बन्धी आयोगको कामको सिलसिलामा भएको खर्चको भुक्तानीका लागि कार्यपालिकाको निर्णय बमोजिम गठित भुमी सम्बन्धी अधिकार सम्पन्न समितिको सिफारिसका आधारमा कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड नियमित गर्ने) नियमावली, २०७९ को अधिनमा रही तपसिलका कर्मचारीहरुलाई अतिरिक्त समय कार्य गरे वापतको खाजा खर्च रकम भूमी ईकाई तर्फ विनियोजित बजेटबाट उपलब्ध गराउने ।

१. अधिकृत छैठौं श्री बीर बहादुर बि.के.
२. सर्भेक्षक श्री मिना धिताल
३. अमिन श्री गोबिन्द के.सी.
४. अमिन श्री ध्रुब बुढा
५. अमिन श्री प्रविन कार्की
६. अकिन श्री गंगाराम पुन
७. अमिन श्री सर्मिला शर्मा
८. अमिन श्री जनक आचार्य
९. अमिन श्री ठकेन्द्र शर्मा
१०. अमिन श्री शिशिर देवकोटा
११. का.स. श्री प्रभुमान थारु

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

नगर कार्यपालिकाको
बैठक संख्या २१/२०७९-०८०
मिति २०८०/०१/१६ को
निर्णय प्रमाणित

निर्णय नं. ८

कोहलपुर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यबिधी, २०७५ बमोजिम प्रकृया पुरा भएकाले तपसिलमा उल्लेख भए बमोजिमका फर्मलाई "घ" वर्गको इजाजत अनुमति दिने ।

क. अब्दुल निर्माण सेवा, कोहलपुर ४, बाँके ।

ख. डि.पी. इन्जिनियरिङ्ग सोलुसन एण्ड कन्स्ट्रक्सन प्रा.लि., कोहलपुर ११, बाँके ।

ग. एस. आर. निर्माण सेवा, कोहलपुर १०, बाँके

निर्णय नं. ९

यस नगरपालिकाको कृषि विकास शाखाको आ.ब. २०७९/०८० को सशर्त तर्फ स्वीकृत वार्षिक कार्यक्रम अनुसार खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत कृषकहरुबाट माग संकलन गरी खरिद तथा वितरण प्रकृया अगाडी बढाउने क्रममा बिउबिजन उत्पादन आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ को नियम १०(४) बमोजिम डेसिस(विद्युतीय बिउ व्यवस्थापन प्रणाली) मा आबद्ध भई खरिद प्रक्रिया अगाडी बढाउनुपर्नेमा तोकिएको समयमा हुन नसकेकोले कृषकहरुको माग संकलन भईसकेकाले सार्वजनिक खरिद ऐन एवं प्रचलित कानून बमोजिम खरिद प्रक्रिया अगाडी बढाई कार्यक्रम गर्न स्वीकृति प्रदान गर्ने।

निर्णय नं. १०

चालु आ.ब. २०७९/०८० को कार्यक्रम अन्तर्गत सेनेटरी प्याडको खरिदका लागि टेण्डर भई प्राप्त भएको सेनेटरी प्याडहरु कम गुणस्तरीय रहेको भनी गुनासो आएका सम्बन्धमा स्थानीय तह स्यानिटरी प्याड व्यवस्थापन समितिले निर्णय गरी सिफारिस भए बमोजिम नगरपालिकाको शिक्षा शाखाले व्यवस्थापन गर्ने ।

निर्णय नं. ११

चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १२५ सि.नं. ५३७ मा रहेको वडा नं. ७ स्थित जमुनी र लखना जोड्ने डुडुवा खोला झो.पु. वडा नं. १५ स्थित पेडारी नाला बजेट शीर्षकबाट झोलुङ्गे पुल निर्माणका लागि बिस्तृत परियोजना प्रतिवेदन(DPR) तयार भईसकेको वडा नं. ७ स्थित लखना जोड्ने डुडुवा खोलामा डि.पि.आर. बमोजिम कुल लागत बमोजिम उपभोक्ता समिति मार्फत गर्ने कार्यको सम्झौता एकमुष्ट गर्ने। साथै सो को नियमानुसार नगरपालिकाले व्यहोर्नुपर्ने साझेदारी रकम म्याचिङ फण्डबाट भुक्तानी गर्ने।

निर्णय नं. १२

यस नगरपालिकामा माली पदमा कार्यरत दले खत्रीको आफ्नो जिम्मेवारी प्रति बफादार एवं लगनशील भई कार्य गरिरहेको र निजले हाल दैनिक ज्यालादारीमा खाईपाई आएको पारिश्रमिक स्वीपरको भन्दा पनि न्युन रहेकाले तलब/ज्याला बृद्धि गरी पाउँ भनी निवेदन दिएकोमा निजलाई मिति २०८० बैशाख देखि लागु हुने गरी मासिक ज्यालादारीमा काममा लगाई मासिक रु.२०,०००।– (बिस हजार) ज्याला उपलब्ध गराउने।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश स्थापना: २०७३

नगर कार्यपालिकाको
बैठक संख्या २१।२०६६-०८४
मिति २०८०।०१।१६ को
निर्णय प्रमाणित

निर्णय नं. १३

यस नगरपालिका अन्तर्गतका ऐलानी जग्गाहरु प्रयोग गरे वापत साविक देखि लिइदै आएको बहाल बिटौरी करको सम्बन्धमा राष्ट्रिय भूमि आयोगको कार्यक्रम अन्तर्गत फाराम भरी नापजाँच भईसकेका कित्ताहरु बाहेकका कित्ताहरुको साविकदेखि जुन व्यक्तिको नाममा कर लिईदै आएको भएतापनि अब उप्रान्त निवेदक व्यक्तिले सो जग्गा प्रयोग गरिरहेको एकिन भएमा निजको नाममा बहाल बिटौरी कर वडा कार्यालयहरुले लिने ।

निर्णय नं. १४

यस नगरपालिकामा विभिन्न पत्रपत्रिका, संघ सँस्था, राजनैतिक दल तथा तिनका भातृ संगठन, विभिन्न व्यक्तिहरुको उपचार खर्च आदि माग भएकोमा मिति २०८०/१/१५ सम्म कार्यालयमा नियमपूर्वक प्राप्त भई यस बैठकमा छलफल भएकाहरुको हकमा नगर प्रमुखले निर्णय गरी अधिकतम् २५०००/- नबढ्ने गरी चालु आर्थिक वर्षको अन्य सामाजिक सहायता शीर्षकबाट भुक्तानी गर्ने।

निर्णय नं. १५

यस नगरपालिकाको चालु आर्थिक वर्षको बजेटमा कमी आई योजना कार्यान्वयन तथा भुक्तानीमा समस्या पर्ने भएकोले २०७९/१२/२३ को कार्यपालिका बैठकबाट २०८० बैशाख देखि योजना सम्झौता तथा खरिद प्रक्रिया अघि नबढाउने निर्णय भएता पनि वडा तथा नगरपालिका तर्फ आकस्मिक, अत्यावश्यक, विपद, विविध तथा भैपरी आउने प्रकृतिका शीर्षकमा विनियोजित बजेट जुनसुकै स्रोतको भए पनि कार्यक्रम गर्ने । यसरी बजेट नपुग हुने भएमा कार्यपालिका तथा नगर सभाबाट रकमान्तर गरेर समेत भुक्तानी गर्न सकिने ।

निर्णय नं. १६

यस नगरपालिका अन्तर्गत वडा नम्बर १४ मा स्थित श्री राम माध्यमिक विद्यालय, हवलदारपुरको यस नगरपालिकामा विनियोजित सेवा परामर्श शीर्षकबाट भुक्तानी हुने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी संघीय तथा प्रदेश सरकार एवं अन्य निकायमा समेत बजेट माग गर्ने।

निर्णय नं. १७

यस नगरपालिकाको आ.ब. २०७९/०८० का देहाय बमोजिमको योजना/ कार्यक्रमहरुको बजेट रकमान्तर, योजनाको नाम संशोधन एवं ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

पुर्वाधार तर्फः

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. २ वर्दहवा जितु थारुको घरदेखि रामबिलाश चौधरीको घरसम्म नाली निर्माण | वर्दहवा गाउँ मन्दिरदेखि लक्ष्मी मा.बि. स्कुल कल्भर्टसम्म सडक कालोपत्रे | १५,००,००० | |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

नगर कार्यपालिकाको
बैठक संख्या २१/२०७९-०८०
मिति २०८०।०७।१६ को
निर्णय प्रमाणित

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| २ | वडा नं. ७ वडा कार्यालय जाने बाटो अन्तर्गतको बीचमा भाग बाँकी रहेको | वडा नं. ७ कार्यालयदेखि लखनवारसम्म सडक कालोपत्रे | २०,००,००० | |
| ३ | वडा नं. १५ वडा कार्यालय जाने बाटो कालोपत्रे | वरको रुख अगाडी मोडबाट चौधरिया चोकसम्म सडक कालोपत्रे । | २०,००,००० | |

<u>पशु विकास शाखा</u>:

| पशु विकास शाखा | | | | |
|---|---|---|---|---|
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| १ | कृत्रिम गर्भाधान कार्यक्रम रु.२(दुई) लाख, (सि.नं.३५३)<br><br>वर्षे घाँसको बिउ वितरण रु.२(दुई) लाख, (सि.नं.३५९)<br><br>रोग निरोधक खोप कार्यक्रम रु.३(तीन) लाख, (सि.नं.३६२) | उपचार सेवा कार्यक्रम (सि.नं.३५२) | रु.९,००,००० | सि.नं. ३५३ बाट १ लाख घटाउने सि.नं. ३६२ बाट १ लाख घटाउने |
| २ | पशु बिमा कार्यक्रम रु.५(पाँच) लाख (सि.नं. ३५६) | पशु सुत्केरी भत्ता कार्यक्रम (सि.नं. ३५७) | रु.१२,३०,००० | सि.नं. ३५६ बाट रु.२,३०,००० घटाउने |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत